# jfl¬§ :jf:Yo k|ltj]bg

## आर्थिक वर्ष २०८१/०८२





कर्णाली प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# प्रदेश अस्पताल

वीरेन्द्रनगर-४, सुर्खेत

फोन नं.: ०८३-५२०२००/५२२२००/५२३२००

# वार्षिक स्वास्थ्य प्रतिवेदन

## ANNUAL HEALTH REPORT

### आर्थिक वर्ष २०८१/०८२

कर्णाली प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# प्रदेश अस्पताल

वीरेन्द्रनगर-४, सुर्खेत

फोन नं.: ०८३-५२०२००/५२२२००/५२३२००

इमेलः provincehospitalsurkhet@gmail.com, phospitalskt@gmail.com

**Website:** www.provincehospital.karnali.gov.np

# कर्णाली प्रदेश सरकार

फोन नं.: ०८३-५२३२६८
फ्याक्स नं.: ०८३-५२२०२९
स्वकीय सचिवालय
मा. घनश्याम भण्डारी
मन्त्री
सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल


पत्र संख्या : ०८२।०८३
चलानी नम्बर : ४६

मिती : २०८२/११/४ गते ।

## शुभकामना

कर्णाली प्रदेशको राजधानी विरेन्द्रनगर सुर्खेतमा रहेको प्रदेश अस्पतालको बार्षिक गतीविधीलाई समावेशगरी बार्षिक प्रगती प्रतीवेन प्रकाशन गर्न लागेकोमा खुसी लागको छ । कर्णाली प्रदेशका नागरीकहरुको आशाको दीयोबाल्ने संस्थाको रुपमा स्थापीत प्रदेश अस्पताल कालागाउ सुर्खेतले आधारभुत, विशषेज्ञ र विशीष्टीकृत सेवा प्रवाह गर्दै आएको छ ।

विगतका बर्षहरुको तुलनामा स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड (एम एस.एस.) मा सुधार हुदै आएको छ । यो प्रदेशवासी र समग्र हाम्रा लागी खुसीको कुरा हो । सामाजीक विकास मन्त्रालयका ३९ वटा खर्च विन्दुहरु मध्य प्रदेश अस्पताल जनशक्ती , आर्थिक दायीत्व र नागरीक संगको सेवा सुविधाका हिसावले महत्वपुर्ण कार्यालयको रुपमा रहेको छ । गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका माध्यमले कम जनशक्तीमा पनी सेवा प्रवाह गर्नुपर्ने चुनौतीहरु को सामाना गर्दै आफ्ना गतीविधीहरुलाई नागरिकशामु जानकारी दिने उद्देश्यले बार्षिक प्रगती प्रतीवेदन प्रकाशनको शुभकामना व्यक्त गर्दछु ।

अन्तमा प्रकृती र मानव श्रृजीत विपत्ती र रोगवाट नागरीक लाई जोगाउन प्रदेश अस्पतालले खेलेको भुमीकाको उच्चकदर गर्दै मानवता, करुणा , सेवाभावका साथ अस्पतालले सेवा र बस्तु प्रवाह गरोस भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

२०८२/११/४

.................................
मा. धनश्याम भण्डारी
मन्त्री

घनश्याम भण्डारी
मा. मन्त्री


E-mail: ghanashyamkarnali@gmail.com Website: mosd.karnali.gov.np

सचिवज्यू : ०८३-५२५६१२
प्रशासन शाखा : ०८३-५२३६७२
फ्याक्स : ०८३-५२२०३९

कर्णाली प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत



## शुभकामना

प्रदेश अस्पताल, सुर्खेतद्वारा वर्षभरी प्रदान गरिएका स्वास्थ्य सेवा, कार्यक्रम र उपलिब्धहरू समेटेर तयार गरिएको **'वार्षिक प्रगति प्रतिवेदन'** प्रकाशन हुन लागेको समाचारले मलाई अत्यन्त हर्षित तुल्याएको छ । कर्णाली प्रदेशका साथै छिमेकी जिल्लाका नागरिकहरूलाई गुणस्तरीय, सुलभ र भरपर्दो स्वास्थ्य सेवा प्रदान गर्दै आएको यस अस्पतालको योगदान स्वास्थ्य प्रणाली सुदृढीकरणमा अतुलनीय र प्रशंसनीय छ । प्रतिवेदनले अस्पतालबाट सम्पाादित सेवाहरूको तथ्यपरक, एकीकृत र विश्लेषणात्मक विवरण प्रस्तुत गर्दै उपलब्धि, चुनौती र सिकाइलाई समेटेको छ, जसले आगामी दिनमा गुणस्तरीय स्वास्थ्य सेवा सुधार र नीतिगत निर्णय प्रक्रियामा ठोस आधार प्रदान गर्ने विश्वास जगाउँछ ।

बदलिँदो स्वास्थ्य सेवा परिवेशमा तथ्याङ्क व्यवस्थापनलाई अनलाइन प्रणाली (DHIS–2) मार्फत व्यवस्थित गर्नु जटिल कार्य हो । यस्तो परिस्थितिमा पनि सेवा प्रवाहसँगै तथ्याङ्कको शुद्ध प्रविष्टि, नियमित अद्यावधिक र विश्लेषणमा समर्पित सम्पूर्ण प्राविधिक टोलीको योगदान अत्यन्त सराहनीय छ । प्रतिवेदनले तथ्यमा आधारित योजना (Evidence-based Planning) तर्जुमा गर्ने संस्कारलाई संस्थागत गर्दै स्थानीय तथा प्रादेशिक तहमा प्रभावकारी कार्यक्रम सञ्चालनका लागि मार्ग निर्देशक दस्तावेजको रूपमा कार्य गर्ने अपेक्षा गरिएको छ ।

अन्ततः, यस प्रतिवेदनले कर्णाली प्रदेशको समग्र स्वास्थ्य अवस्थाबारे स्पष्ट परिदृश्य प्रस्तुत गर्दै आगामी कार्यक्रमको प्राथमिकता निर्धारण, स्रोत व्यवस्थापन तथा सरोकारवाला निकाय, विकास साझेदार र अनुसन्धानकर्ताहरूका लागि महत्वपूर्ण सन्दर्भ सामग्रीको रूपमा उपयोगी हुनेछ । प्रतिवेदन तयारीको सफल नेतृत्व गर्नुहुने अस्पताल निर्देशक डा. गणेश थापालगायत सम्पूर्ण चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीहरूलाई हार्दिक बधाई र विशेष धन्यवाद व्यक्त गर्दछु । आगामी दिनहरूमा पनि संस्थाले उत्कृष्ट सेवा प्रवाह गर्दै स्वास्थ्य क्षेत्रको दिगो विकासमा अग्रणी भूमका निर्वाह गर्नेछ भन्ने शुभकामना व्यक्त गर्दछु ।

..................................

**धोलकराज ढकाल**
प्रदेश सचिव

**E-mail:** mosdsurkhet@gmail.com | **Website:** mosd.karnall.gov.np

फोन नं.: ०८३-५२३२००

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# प्रदेश अस्पताल

वीरेन्द्रनगर-४, सुर्खेत



## मन्तव्य

देशको पुनर्संरचना पश्चात तत्कालीन मध्यपश्चिमाञ्चल क्षेत्रिय अस्पताल कर्णाली प्रदेश सरकार मातहत रहने गरी हस्तान्तरण भई प्रदेश अस्पताल नामाकरण गरिएको र प्रदेश सरकारको निर्णयानुसार ३०० शैय्याको स्वीकृती भएता पनि १५० शैय्याको दरबन्दी स्वीकृत भएको छ । हाल अस्पतालमा विशेषज्ञ/विशीष्टकृत सेवासहितको ३०० सैय्या सञ्चालनमा रहेको छ । अस्पतालले आकस्मिक उपचार सेवा लगायत Curative, Preventive, Promotive, Rehabilitation & Palliative सेवा साथै विभिन्न प्रकारका स्वास्थ्य सम्बन्धी तालिम, माहामारी र दैवी प्रकोप बिरामी तथा घाइतेहरूलाई प्रदान गर्दै आएको छ ।

अस्पतालले विगत ३ वर्षहरूको अवधिमा गरिएका क्रियाकलापहरूको तुलनात्मक विवरणहरू यस वार्षिक प्रतिवेदनमा समावेश गरिएका छन् । धेरै जसो कार्यक्रमका सूचकहरू गत आ.व. भन्दा बृद्धि भएको छ भने केही सूचकहरू सन्तोषजनक रूपमा सुधारका मार्गमा पाइएका छन् । यद्यपि संख्यात्मक रूपमा कार्यक्रमको प्रगति देखिएता पनि गुणात्मक रूपमा सुधार गर्न थप प्रयास गर्नु पर्ने देखिन्छ । प्रतिवेदनले वर्तमान अवस्थाको जानकारी, देखिएका समस्याहरू र अवलम्वन गर्नुपर्ने थप अल्पकालीन र दीर्घकालीन रणनीतिहरू तयार गरी समयको माग सँगै आफ्ना सेवाहरूलाई विशिष्टकृत र वैज्ञानिकरण गर्दै आगामी वर्षमा उत्तरदायी ढङ्गले जनअपेक्षा अनुरुप नयाँ कार्यक्रमहरूको योजना तर्जुमा गर्न आधार खडा गर्न मद्दत गर्नेछ भन्ने विश्वास लिएको छु । यो प्रतिवेदनमा मुख्यतया अस्पतालमा जनशक्तिको उपलब्धता, प्रदान गरिने सेवाहरू र सो सेवाको प्रगती समेटिएको हुदाँ यस सम्बन्धी अनुसन्धान गर्ने सरकारी, गैरसरकारी, निजी, क्षेत्रमा कार्यरत संघ संस्थाहरू तथा अन्य शिक्षक विद्यार्थीहरूका लागि उपयोगी हुनेमा विश्वास लिएको छु ।

अस्पताल सञ्चालन, व्यवस्थापन साथै सेवा विस्तार र विकास गर्ने क्रममा समयानुकुल आवश्यक मार्ग निर्देशनहरू प्रदान गर्नुहुने कर्णाली प्रदेश सरकार, मा. मुख्यमन्त्रीज्यू, मा. सामाजिक विकास मन्त्रीज्यू, मन्त्रालयका सचिवज्यू र स्वास्थ्य सेवा महाशाखा प्रमुख एवम् प्रदेश अस्पताल विकास समिति अध्यक्ष तथा पदाधिकारीहरूप्रति आभार प्रकट गर्न चाहान्छु । अस्पतालको कार्यक्रम अनुसार कार्य सम्पन्न गर्ने अस्पतालका सम्पूर्ण चिकित्सकज्यूहरू नर्सिङ्ग अधिकृतज्यूहरू नर्सिङ्ग कर्मचारी तथा अन्य सम्पूर्ण स्वास्थ्यकर्मीहरू, प्रशासनिक कर्मचारीज्यूहरू साथै अस्पतालको सरसफाइ, बगैंचा व्यवस्थापन, सुरक्षा लगायतमा अनवरत खटिनु हुने अस्पतालका कार्यालय सहयोगी, सरसफाईकर्मी, सुरक्षा गार्डहरूको योगदान त्यतिकै स्मरण योग्य भएको हुदा उहाँहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । अस्पतालको सेवा विस्तार तथा मौजुदा सेवाको विकास गर्न सहयोग गर्नुहुने विकास साझेदार संस्थाहरू लगायतका संघ-संस्थाहरूलाई साथै वार्षिक प्रगति प्रतिवेदन तयार गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने अस्पतालका मेडिकल रेकर्डर अधिकृत श्री विनोद बस्नेत र मेडिकल रेकर्डर श्री भुपेन्द्र कुमार बुढा लगायत वार्षिक प्रतिवेदन तयार गर्न अनवरत रूपमा खटिनु हुने अन्य सहयोगीहरू तथा समस्त अस्पताल परिवारप्रति धन्यवाद दिन चाहन्छु । अन्तमा यो प्रतिवेदनलाई आगामी दिनहरूमा अझ उपयोगी तथा फलदायी बनाउन थप सुझाव तथा सल्लाह हामीलाई प्राप्त हुनेछ भन्ने अपेक्षा गरेको छु ।

..............................

**डा. गणेश थापा**
अस्पताल निर्देशक

# पृष्ठभूमि

कर्णाली प्रदेश भौगोलिक हिसाबले सबैभन्दा ठुलो प्रदेश भएता पनि जनसङ्ख्याको हिसाबले सानो प्रदेश हो। यसको क्षेत्रफल २७९८४ वर्गकिलोमिटर रहेको छ र यसको कूल जनसख्या १६६६४१२ (२०७६ को जनगणना) रहेको छ ।यस प्रदेशमा १० जिल्ला, २५ नगरपालिका, ५४ गाउँपालिका र ७१८ वडाहरू रहेका छन्। कर्णाली प्रदेशको राजधानीको रूपमा रहेको सुर्खेत जिल्लको वीरेन्द्रनगर नगरपालिकाको वडा नं. ४ कालागाउँमा कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय अन्तरगत प्रदेश अस्पताल, सुर्खेत संचालनमा रहेको छ।

यस अस्पतालको इतिहास हेर्दा सुर्खेत जिल्लाको तत्कालिन सदरमुकाम गोठिकाँडामा २०१९ सालमा हेल्थसेन्टरको रूपमा स्थापना भई २०२४ सालमा वीरेन्द्रनगरमा स्थान्तरण भएको र २०२९ सालमा तत्कालिन हेल्थ सेन्टरबाट स्तरोन्नती गरी १५ सैय्याको र २०४९ सालमा ५० शैथ्याको जिल्ला अस्पताल सुर्खेतको रूपमा सञ्चालनमा रहेको जिल्ला अस्पताललाई स्तरोन्नती गरी मिति २०६२ फागुन ७ गते देखि मध्यपश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य तालिम केन्द्र कालागाउँ, सुर्खेतको भवनमा ५० शैथ्याको मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल सञ्चालन गरिएको थियो। बिशेषज्ञ चिकित्सक सहित ८१ जनाको स्वीकृत दरबन्दि स्वीकृत भएता पनि २/४ जना बिशेषज्ञ चिकित्सक बाहेक थप चिकित्सकहरू हाजिर नभएकाले बिरामीलाई थप उपचारका लागि अन्यत्र अस्पतालमा प्रेषण गर्नु पर्ने बाध्यता रहेको थियो। तालिम केन्द्रको भवनमा अस्पताल सञ्चालन गर्न कठिनाई भएकाले नेपाल सरकार र अस्पताल विकास समितिको स्रोतबाट २ वटा प्रिफ्याव भवन निर्माण गरी प्रसुति कक्ष र आई.सि.यु. एन.आई.सि.यु, वार्ड निर्माण गरी स्थानिय समाजसेवी स्व. नन्द बहादुर कार्कीज्यूको सम्झनामा उहाँको परिवारजनको ४७ लाखको सहयोगमा ४ सैय्याको आई.सि.यु. सेवा २०७४ साल श्रावणदेखि सञ्चालन गरिएको थियो।

अस्पतालको नयाँ भवनको भुई तलाको निर्माण कार्य सम्पन्न भई अस्पताललाई हस्तान्तरण भएको हुदा उक्त भवन तत्कालिन सम्मानिय प्रधानमन्त्री श्री के.पी. शर्मा वलीज्यूवाट २०७३ जेष्ठ २५ गते समुद्घाटन सम्पन्न भएको थियो। सोहि अवसरमा अस्पताल विकास समितिका अध्यक्ष श्री थम्वराज थानी र प्रमुख मेडिकल सुपरिटेण्डेण्ट डा. श्री डम्बर खड्काज्यूबाट अस्पतालको स्तरोन्नतीका साथै तला थपको लागि बजेट ब्यबस्था गरिदिन माग प्रस्तुत गरिएको थियो। समुद्घाटन पश्चात अस्पतालको ओ.पि.डि. प्रयोगशाला लगाएतका सेवा नयाँ भवनबाट प्रदान गर्न सुरुवात गरिएको थियो।

प्रधानमन्त्रीज्यू बाट बजेटको ब्यबस्था गरी सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय सुर्खेत मार्फत तला थपको टेण्डर भई निर्माण कार्य सम्पन्न भएको र हाल अस्पतालको सम्पूर्ण सेवाहरू नयाँ भवनबाट प्रदान गरिदै आएको छ।

देशको पुनर्सरचना भई संघीयता लागु भए पश्चात कर्णाली प्रदेशको राजधानी सुर्खेतमा सञ्चालनमा रहेको मध्यपश्चिम क्षेत्रीय अस्पताल सुर्खेतलाई नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयलाई हस्तान्तरण भई कर्णाली प्रदेश सरकारको निर्णयानुसार मध्यपश्चिम क्षेत्रीय अस्पताल सुर्खेतको नाम परिवर्तन गरि मिति २०७५ कार्तिक १३ गतेदेखि प्रदेश अस्पताल सुर्खेतको नामबाट सञ्चालन हुदै आएको छ।प्रदेश सरकारको बिशेष प्राथमिकतामा रहेको यस अस्पतालले विशिष्टकृत तथा बिशेषज्ञ सेवा प्रदान गर्दै आइरहेको छ ।कर्णाली प्रदेश सरकारको आ.व. २०८२/०८३ को बजेट वक्तव्यमा प्रदेश अस्पताल स्तरोन्नति सम्बन्धमा अध्ययन गर्ने उच्चस्तरीय समितिको प्रतिबेदन बमोजिम प्रदेश अस्पताल सुर्खेतलाई स्वास्थ्य विज्ञान प्रतिष्ठानको रूपमा विकास गर्ने लक्ष्य लिएको छ । हाल अस्पतालको दरबन्दी १५० शैय्याका लागि स्वीकृत भएतापनि बिरामीको चापका कारण ३०० शैय्या सञ्चालन गर्दै आईरहेको छ।




# अस्पतालमा उपलब्ध सेवाहरू

| S.N. | Services | |
|---|---|---|
| 1 | Emergency | Emergency -(24 hours) |
| 2 | OPD | Medicine |
| | | General Medicine |
| | | General surgery |
| | | Neuro Surgery |
| | | Obstetrics/Gynecology |
| | | ● ANC/PNC |
| | | ● Infertility |
| | | Orthopedics |
| | | ● Physiotherapy |
| | | Pediatrics |
| | | Psychiatry |
| | | Dermatology |
| | | ENT |
| | | Dental |
| | | Ophthalmology |
| | | Cardiology |
| 3 | Indoor | Medicine |
| | | Surgery |
| | | Neuro surgery |
| | | Orthopedics |
| | | Spine surgey |
| | | cardiology |
| | | PNC |
| | | Pediatrics |
| | | Maternity |
| | | Post op |
| | | HDU |
| | | ICU/NICU/PICU/Neuro ICU |
| 4 | Anesthesiology | Anesthesiology |
| 5 | Operation Theatre | Major, Intermediate, Minor Operation |
| 6 | Pathology | Emergency Lab |
| | | OPD Lab |
| | | Blood Bank |
| | | Histo / Cytology |
| | | Biocemistry |
| | | Immunology |
| | | Bacteriology |
| | | Parasitology |

| S.N. | Services | |
|---|---|---|
| 7 | Radiology | MRI |
| | | CT-Scan |
| | | Ultrasound |
| | | Mammography |
| | | Emergency X-ray |
| | | OPD X-ray |
| | | Dental OPG |
| | | Dental X-ray |
| 8 | Dialysis | Hemodialysis |
| | | Seropositive dialysis |
| 9 | Echo, ECG, EEG | |
| 10 | Endoscopy, Colonoscopy | |
| 11 | OCMC | |
| 12 | ART | |
| 13 | DOTS | |
| 14 | Family planning | |
| 15 | Safe Motherhood | |
| 16 | Telemedicine | |
| | Immunization | |
| | Diseases Control | |
| 17 | Nutrition Rehabilitation Centre (NRC) | ● Rehabilitation of Malnourish Child<br>● Growth Monitoring<br>● Immunization<br>● ARV |
| 18 | Obstretrics Fistula Centre | |
| 19 | Health Insur-ance | |
| 20 | Pharmacy | |
| 21 | Training site | |

# सांगठनिक स्वरूप

प्रदेश अस्पताल, सुर्खेतको नेतृत्व अस्पताल निर्देशकले गर्ने र वहाँको मातहतमा; मेडिसिन विभाग, वालरोग तथा नवशिशु रोग विभाग, स्त्री तथा प्रसुति रोग विभाग, मानसिक स्वास्थ्य विभाग, चर्म तथा यौन रोग विभाग, शल्य चिकित्सा विभाग, हाड जोर्नी विभाग, नाक कान तथा घाटी रोग विभाग, अन्तराङ्ग विभाग, मुख स्वास्थ्य विभाग (डेण्टल), प्याथोलोजी विभाग, ईमर्जेन्सी विभाग, रेडियोलोजी विभाग, फार्मेसी विभाग, अस्पताल व्यवस्थापन विभाग र फरेन्सिक शाखा गरी १५ वटा विभागहरू र एउटा शाखा रहेका छन् ।



# अस्पतालमा मानव संसाधनको अवस्था

| क्र. सं. | पद | श्रेणी/तह | स्वीकृत दरबन्दी | पदपूर्ति | | | | | रिक्त दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स्थायी | दरबन्दी करार | अस्पताल समिति | अन्य करार | जम्मा | |
| १ | अस्पताल निर्देशक | ११ | १ | १ | ० | ० | ० | ० | ० |
| २ | प्रमुख कन्सल्टेण्ट अव्सट्रेसियन एण्ड गाइनोकोलोजिष्ट | ११ | १ | ० | ० | ० | ० | ० | १ |
| ३ | प्रमुख कन्सल्टेन्ट पिडियाट्रिसियन | ११ | १ | ० | ० | ० | ० | ० | १ |
| ४ | प्रमुख कन्सल्टेन्ट जनरल फिजिसियन | ११ | १ | ० | ० | ० | ० | ० | १ |
| ५ | प्रमुख कन्सल्टेन्ट जनरल सर्जन | ११ | १ | ० | ० | ० | ० | ० | १ |
| ६ | प्रमुख कन्सल्टेन्ट अर्थोपेडिक सर्जन | ११ | १ | ० | ० | ० | ० | ० | १ |
| ७ | प्रमुख कन्सल्टेन्ट ई.एन.टि. सर्जन | ११ | १ | ० | ० | ० | ० | ० | १ |
| ८ | प्रमुख कन्सल्टेन्ट साइक्याट्रिष्ट | ११ | १ | ० | ० | ० | ० | ० | १ |
| ९ | प्रमुख कन्सल्टेन्ट डर्माटोलोजिष्ट | ११ | १ | ० | ० | ० | ० | ० | १ |
| १० | प्रमुख कन्सल्टेन्ट डेण्टल सर्जन | ११ | १ | ० | ० | ० | ० | ० | १ |
| ११ | प्रमुख कन्सल्टेन्ट मे.जनरलिष्ट | ११ | १ | ० | ० | ० | ० | ० | १ |
| १२ | प्रमुख कन्सल्टेन्ट रेडियोलोजिष्ट | ११ | १ | ० | ० | ० | ० | ० | १ |
| १३ | प्रमुख कन्सल्टेन्ट प्याथोलोजिष्ट | ११ | १ | ० | ० | ० | ० | ० | १ |
| १४ | प्रमुख कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट | ११ | १ | १ | ० | ० | ० | १ | ० |
| १५ | प्रमुख अस्पताल नर्सिङ प्रशासक | ११ | १ | ० | ० | ० | ० | ० | १ |
| १६ | व-कन्सल्टेण्ट अव्सट्रेसियन एण्ड गाइनोकोलोजिष्ट | ९/१० | ४ | ४ | ० | ० | ० | ४ | ० |
| १७ | व/कन्सल्टेन्ट पिडियाट्रिसियन | ९/१० | २ | १ | ० | ० | १ | २ | १ |
| १८ | व/कन्सल्टेन्ट नियोनेटोलोजिष्ट | ९/१० | १ | ० | ० | ० | ० | ० | १ |
| १९ | व/कन्सल्टेन्ट जनरल फिजिसियन | ९/१० | ३ | २ | ० | ० | ४ | ६ | १ |
| २० | व/कन्सल्टेन्ट ग्याष्ट्रोइटेरोलोजिष्ट | ९/१० | १ | ० | ० | ० | ० | ० | १ |
| २१ | व/कन्सल्टेन्ट कार्डियोलोजिष्ट | ९/१० | १ | ० | ० | ० | १ | १ | ० |
| २२ | व/कन्सल्टेन्ट नेफ्रोलोजिष्ट | ९/१० | १ | ० | ० | ० | ० | ० | १ |
| २३ | व/कन्सल्टेन्ट न्यूरोलोजिष्ट | ९/१० | १ | ० | ० | ० | १ | १ | ० |
| २४ | व/कन्सल्टेन्ट इण्डोक्राइनोलोजिष्ट | ९/१० | १ | ० | ० | ० | ० | ० | १ |
| २५ | व-फरेन्सिक मेडिसिन अधिकृत | ९/१० | १ | ० | ० | ० | ० | ० | १ |
| २६ | व/कन्सल्टेन्ट जनरल सर्जन | ९/१० | ३ | ३ | ० | ० | १ | ४ | ० |
| २७ | व/कन्सल्टेन्ट पिडियाट्रिक सर्जन | ९/१० | १ | ० | ० | ० | ० | ० | १ |
| २८ | व/कन्सल्टेन्ट ग्याष्टोइन्टेरोलोजिष्ट सर्जन | ९/१० | १ | ० | ० | ० | ० | ० | १ |
| २९ | व/कन्सल्टेन्ट अर्थोपेडिक सर्जन | ९/१० | ३ | ४ | ० | ० | ४ | ८ | १ |
| ३० | व/कन्सल्टेन्ट ई.एन.टि. सर्जन | ९/१० | १ | ० | ० | ० | २ | २ | १ |

| क्र. सं. | पद | श्रेणी/तह | स्वीकृत दरबन्दी | पदपूर्ति | | | | | रिक्त दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स्थायी | दरबन्दी करार | अस्पताल समिति | अन्य करार | जम्मा | |
| ३१ | व/कन्सल्टेन्ट साइक्याटिष्ट | ९/१० | १ | १ | ० | ० | ० | १ | ० |
| ३२ | व/कन्सल्टेन्ट डर्माटोलोजिष्ट | ९/१० | १ | ० | १ | ० | ० | १ | ० |
| ३३ | व/कन्सल्टेन्ट डेण्टल सर्जन | ९/१० | १ | १ | ० | ० | २ | ३ | ० |
| ३४ | व/कन्सल्टेन्ट मे.जनरलिष्ट | ९/१० | २ | ० | १ | ० | १ | २ | १ |
| ३५ | व/कन्सल्टेन्ट रेडियोलोजिष्ट | ९/१० | २ | १ | १ | ० | ० | २ | ० |
| ३६ | व/कन्सल्टेन्ट प्याथोलोजिष्ट | ९/१० | १ | ० | ० | ० | ० | ० | १ |
| ३७ | व/कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट | ९/१० | ३ | १ | ० | ० | ४ | ५ | २ |
| ३८ | व-अस्पताल नर्सिङ प्रशासक | ९/१० | २ | २ | ० | ० | ० | २ | ० |
| ३९ | उप प्रमुख मेडिकल ल्याव | ९/१० | १ | ० | ० | ० | ० | ० | १ |
| ४० | अधिकृत | ९/१० | १ | १ | ० | ० | ० | १ | ० |
| ४१ | क. अप्थाल्मोलोजीष्ट | ९ | ० | ० | ० | ० | ३ | ३ | ० |
| ४२ | मेडिकल अधिकृत | ८ | २२ | १८ | ० | ० | १० | २८ | ४ |
| ४३ | डेण्टल सर्जन | ८ | ३ | १ | ० | ० | ३ | ४ | २ |
| ४४ | नर्सिङ अधिकृत | ७/८ | १२ | ७ | ५ | ० | ११ | २३ | ० |
| ४५ | मेडिकल ल्याव टेक्नोलोजिष्ट | ७/८ | २ | २ | ० | १ | १ | ४ | ० |
| ४६ | फिजियोथेरापिष्ट | ७/८ | २ | १ | ० | ० | ० | १ | १ |
| ४७ | डाइटिसियन अधिकृत | ७/८ | १ | ० | ० | ० | १ | १ | ० |
| ४८ | हाउस किपिङ अधिकृत | ७/८ | २ | ० | ० | ० | ० | ० | २ |
| ४९ | बायोमेडिकल इन्जिनियर | ७/८ | १ | ० | १ | ० | १ | २ | ० |
| ५० | मेडिकल रेकर्डर अधिकृत | ७/८ | १ | १ | ० | ० | ० | १ | ० |
| ५१ | फार्मेसी अधिकृत | ७/८ | १ | १ | ० | १ | ० | २ | ० |
| ५२ | अस्पताल व्यवस्थापक | ७/८ | १ | ० | १ | ० | १ | २ | ० |
| ५३ | रेडियोग्राफी टेक्नोलोजिष्ट | ७/८ | १ | १ | ० | ० | १ | २ | ० |
| ५४ | शाखा अधिकृत | ७/८ | १ | १ | ० | ० | ० | १ | ० |
| ५५ | लेखा अधिकृत | ७/८ | १ | १ | ० | ० | ० | १ | ० |
| ५६ | क्लिनिकल साइकोलोजिष्ट | ७/८ | १ | ० | १ | ० | ० | १ | ० |
| ५७ | पोषण प्रबन्धक | ७ | ० | ० | ० | ० | १ | १ | ० |
| ५८ | जनस्वास्थ्य निरिक्षक | ५/६/७ | ९ | ४ | ० | २ | ४ | ७ | ५ |
| ५९ | हेल्थ असिष्टेन्ट | ५/६/७ | ५ | ४ | ० | ० | ५ | ९ | १ |
| ६० | रेडियोग्राफर | ५/६/७ | ८ | ७ | ० | ० | १ | ८ | १ |
| ६१ | ल्याव टेक्निसियन | ५/६/७ | ३ | २ | ० | ० | १ | ३ | १ |
| ६२ | एनेस्थेटिक सहायक | ५/६/७ | २ | २ | ० | ० | ० | २ | ० |
| ६३ | फिजियोथेरापि सुपरभाइजर | ५/६/७ | २ | २ | ० | ० | ० | २ | ० |

| क्र. सं. | पद | श्रेणी/तह | स्वीकृत दरबन्दी | पदपूर्ति | | | | | रिक्त दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स्थायी | दरबन्दी करार | अस्पताल समिति | अन्य करार | जम्मा | |
| ६४ | बायोमेडिकल टेक्निसियन | ५/६/७ | २ | १ | ० | ० | ० | १ | १ |
| ६५ | मेडिकल रेकर्डर सुपरभाइजर | ५/६/७ | २ | १ | ० | ० | ० | १ | १ |
| ६६ | फार्मेसी सहायक | ५/६/७ | २ | २ | ० | ० | १६ | १८ | ० |
| ६७ | स्टाफनर्स | ५/६/७ | ११२ | ८२ | २० | ० | २९ | १३१ | १० |
| ६८ | डाइलाइसिस टेक्निसियन | ५/६/७ | २ | १ | ० | ० | ० | १ | १ |
| ६९ | डेन्टल हाइजिनिष्ट | ५/६/७ | ३ | २ | ० | ० | ० | २ | १ |
| ७० | इ.सि.जि.टेक्निसियन | ५/६/७ | २ | २ | ० | ० | ० | २ | ० |
| ७१ | अर्थोप्टिसियन सहायक | ५/६/७ | २ | ० | ० | ० | ० | ० | २ |
| ७२ | अ.हे.व. | ४/५/६ | ३ | ८ | ० | ४ | १३ | २५ | -५ |
| ७३ | ल्याव असिष्टेन्ट | ४/५/६ | ३ | ४ | ० | ५ | ५ | १४ | -१ |
| ७४ | अ.न.मी. | ४/५/६ | ६ | ४ | ० | ७ | २६ | ३७ | २ |
| ७५ | डार्करुम सहायक | ४/५/६ | १ | १ | ० | १ | ० | २ | ० |
| ७६ | अधिकृत-सहायक. | ५/६ | ४ | ४ | ० | ० | ० | ४ | ० |
| ७७ | लेखा सहायक/अधिकृत | ५/६ | ५ | ४ | ० | ० | ० | ४ | १ |
| ७८ | सहायक | ४/५ | ० | ० | ० | ३ | ० | ३ | ० |
| ७९ | टेलिमेडिसिन अपरेटर | ५ | ० | ० | ० | ० | १ | १ | ० |
| ८० | ART काउन्सलर | ५ | ० | ० | ० | ० | १ | १ | ० |
| ८१ | नेत्र सहायक | ५ | ० | ० | ० | ० | २ | २ | ० |
| ८२ | अफिस सेक्रेटरी | ५ | ० | ० | ० | १ | ० | १ | ० |
| ८३ | मेडिकल रेकर्डर सहायक | ४ | ० | ० | ० | १ | ० | १ | ० |
| ८४ | कम्प्युटर सहायक | ४ | ० | ० | ० | ० | ११ | ११ | ० |
| ८५ | डायलासिस टेक्नेसियन | ४ | ० | ० | ० | १ | ० | १ | ० |
| ८६ | फिजियोथेरापी सहायक | ४ | ० | ० | ० | १ | ० | १ | ० |
| ८७ | बायोमेडिकल टेक्निसियन सहायक | ४ | ० | ० | ० | १ | ० | १ | ० |
| ८८ | स्तनपान परामर्शकर्ता | ४ | ० | ० | ० | ० | २ | २ | ० |
| ८९ | मनोपरामर्श कर्ता | ४ | ० | ० | ० | ० | ३ | ३ | ० |
| ९० | क्लेम सहायक | ४ | ० | ० | ० | ० | ३ | ३ | ० |
| ९१ | सहजकर्ता | ४ | ० | ० | ० | ० | ८ | ८ | ० |
| ९२ | कार्यालय सहयोगी | श्रेणिबिहिन | ४२ | ० | ० | १७ | ६५ | ८२ | ० |
| ९३ | हलुका सवारी चालक | श्रेणिबिहिन | ३ | ० | २ | ० | ० | २ | १ |
| ९४ | सुरक्षा गार्ड | श्रेणिबिहिन | ० | ० | ० | ३ | १६ | १९ | ० |
| | **जम्मा** | | **३२५** | **१९२** | **३३** | **४९** | **२६६** | **५४०** | **१००** |

# अस्पताल शैय्या वर्गीकरण:

प्रदेश सरकारवाट स्वीकृत १५० वेड र अस्पतालमा विरामीको चापका कारण अस्पताल विकास समितिबाट थप १५० गरी अस्पतालले जम्मा ३०० वेडहरू संचालन गरेको छ।

| Description | Total |
|---|---|
| Sanctioned Beds -Government) | 150 |
| Sanctioned Beds -Development committee) | 150 |
| Total operational Beds | 300 |
| Total inpatient beds | 300 |
| Ortho Ward | 40 |
| Medical Ward (General-27, Geriatric-6, Psychiatric-5 HDU-8, Cardio-7) | 53 |
| ICU Block (ICU-8, NICU-8, PICU-5, NeuroICU-4, ICU Delux-2, Isolation1) | 28 |
| Surgery Ward (General-25, ENT-6, Neuro Surgery-7) | 38 |
| PNC Ward-37, Cabin-11 | 48 |
| Pediatric Ward-24, Pediatric Cabin-2 | 26 |
| Post-OP-15, Post-OP NICU-5, Maternity-17 | 37 |
| NRH Bed | 11 |
| Obstrectic Fistula | 17 |
| Isolation | 2 |
| **Emergency** | **28** |

# अस्पताल विकास समितिका हालसम्मका अध्यक्षहरूको नामावली

| S.N. | Name | From | To | Remarks |
|---|---|---|---|---|
| 1 | Mr. Mrigrendra Kumar Singh Yadav | 2062-01-18 | 2063-09-12 | |
| 2 | Mr. Abanind Kumar Shrestha | 2063-04-28 | 2063-11-16 | |
| 3 | Mr. Netra Bahadur Rawal | 2064 | 2064 | |
| 4 | Mr. Binod Gyanwali | 2065-08-03 | 2066-04-08 | |
| 5 | Mr. Rishi Gautam | 2065-11-29 | 2066-07-15 | |
| 6 | Mr. Dharma Raj Puri | 2066-10-10 | 2068-03-20 | |
| 7 | Mr. Jit Bahadur Rana | 2068-03-21 | 2071-03-20 | |
| 8 | Mr. Khamba Raj Thani | 2071-07-20 | 2074-07-26 | |
| 9 | Mr. Narayan Prasad Sapkota | 2074-10-02 | 2075-04-06 | |
| 10 | Dr. Damber Khadka | 2075-04-07 | 2075-09-18 | संयोजक |
| 11 | Mr. Shyam Lal Kandel | 2075-09-19 | 2077-09-18 | |
| 12 | Mr. Dev Kumar Subedi | 2078-06-07 | 2079-02-31 | |
| 13 | Mr. Prem Bahadur Ghale | 2079-03-26 | Till Date | |

# अस्पतालका हालसम्मका अस्पताल प्रमुखहरूको नामावली

| S.N. | Name | Post | From | To |
|---|---|---|---|---|
| 1 | Dr. Senendra Raj Upreti | Medical Superintendent | 2062-11-07 | 2063-06-31 |
| 2 | Dr. Nhuchheman Dangol | Act.Medical Superintendent | 2063-07-01 | 2063-10-10 |
| 3 | Dr. Pitambar Subedi | Act.Medical Superintendent | 2063-10-11 | 2063-10-20 |
| 4 | Dr. Ram Shankar Thakur | Act.Medical Superintendent | 2063-10-21 | 2064-04-27 |
| 5 | Dr. Pitambar Subedi | Act.Medical Superintendent | 2064-04-28 | 2064-05-19 |
| 6 | Dr. Hari Prasad Sapkota | Act.Medical Superintendent | 2064-05-20 | 2066-02-24 |
| 7 | Dr. Mithila Sharma | Medical Superintendent | 2066-02-25 | 2067-09-30 |
| 8 | Dr. Bhola Ram Shrestha | Act. Medical Superintendent | 2067-10-01 | 2070-12-18 |
| 9 | Dr. Bhola Ram Shrestha | Chief Medical Superintendent | 2070-12-19 | 2071-07-21 |
| 10 | Dr. Hari Prasad Sapkota | Act. Chief Medical Superintendent | 2071-07-22 | 2072-01-24 |
| 11 | Dr. Damber Khadka | Act. Chief Medical Superintendent | 2072-06-05 | 2075-02-07 |
| 12 | Dr. Damber Khadka | Hospital Director | 2075-02-08 | 2081-07-10 |
| 13 | Dr. Keshar Bahadur Dhakal | Hospital Director | 2081-08-02 | 2082-03-25 |
| 14 | Dr. Ganesh Thapa | Hospital Director | 2082-05-05 | Onward |




अस्पताल निर्देशक डा. गणेश थापाज्यू पदभार ग्रहण गर्नुहुँदै

# प्रदेश अस्पतालमा गत आर्थिक वर्षमा सेवा प्रवाहको सारांश

## आकस्मिक (Emergency) सेवा:

भौतिक संरचनाको उपलब्धता तथा गुणस्तरी विशेषज्ञ तथा विशिष्टकृत स्वास्थ्य सेवाको सुनिश्चितता भएसंगै अस्पतालको हरेक सेवामा बिरामीको सङ्ख्या वृद्धि हुनुका साथै ईमर्जेन्सी सेवा लिने बिरामीको सङ्ख्या पनि वढ्दो अवस्थामा रहेको छ। जस अन्तर्गत यस आ. व. मा इमर्जेन्सी सेवा लिने बिरामीको सङ्ख्या २५,३७९ रहेको छ। जुन गत आ.व.को तुलनामा ४.३३ प्रतिशत बढि हो।

| Age Group | 2079/80 | | | 2080/81 | | | 2081/82 | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Female | Male | Total | Female | Male | Total | Female | Male | Total |
| 0-9 Yrs. | 1231 | 2178 | 3409 | 2880 | 1578 | 4458 | 2914 | 1641 | 4555 |
| 10 to 19 Years | 1380 | 1584 | 2964 | 1808 | 1694 | 3502 | 1910 | 1736 | 3646 |
| 20 to 59 Years | 5522 | 4947 | 10469 | 5220 | 5834 | 11054 | 5513 | 5993 | 11506 |
| ≥60 Year | 2238 | 2097 | 4335 | 2528 | 2784 | 5312 | 2717 | 2955 | 5672 |
| **Total** | **10371** | **10806** | **21177** | **12436** | **11890** | **24326** | **13054** | **12325** | **25379** |


***स्रोत :*** *एच.एम.आइ.एस.*



Emergency Ward

## बहिरङ्ग (OPD) सेवा:

अस्पतालले जनरल मेडिसिन विभाग, जनरल सर्जरी विभाग, न्युरो सर्जरी विभाग, हार्ड जोर्नी तथा नसारोग विभाग, मुख तथा दाँत रोग (डेण्टल) विभाग, आंखा विभाग, मुटुरोग विभाग, बाल रोग विभाग, स्त्री तथा प्रसुती रोग विभाग, ई.एन.टी विभाग, मनोरोग विभाग र चर्म तथा यौन रोग विभागबाट प्रदान गरिएको सेवाको विवरण निम्नानुसार रहेको छ।





***स्रोत :*** *एच.एम.आइ.एस.*

अस्पतालमा विगत ३ आ.व. को तुलनामा आ. व. २०८१/०८२ मा ओ. पि.डी. सेवा लिने सेवाग्रहीको सङ्खषा बढ्दो अवस्थामा रहेको देखिन्छ। यस आ.व. मा ओ. पि. डि. सेवा लिने सेवाग्राहीको सङ्ख्या गत आ.व. भन्दा बढी २१२०७८ रहेको छ।





OPD सेवा लिन आएका सेवाग्राहीहरु




अस्पतालको OPD विभागगत रूपमा हेर्दा सबैभन्दा धेरै विरामीको सङ्ख्या Medicine OPD मा ६०३७० रहेको छ।


### अन्तरङ्ग (Indoor) सेवा:

अस्पतालले अन्तराङ्ग विभाग अन्तरगत मेडिसिन वार्ड, मुटुरोग वार्ड, जेरियाट्रिक वार्ड, साईक्याट्रिक वार्ड, एच.डि.यू. जनरल सर्जरी वार्ड, न्यरो सर्जरी वार्ड, ई.एन टि सर्जरी वार्ड, पि.एन.सी वार्ड, पेडियाट्रिक वार्ड, प्रसुति वार्ड, अर्थोपेडिक्स वार्ड, ICU,NICU, PICU, Post Op र क्याविनबाट अन्तराङ्ग सेवा दिदै आईरहेको छ।




***स्रोत :*** *एच.एम.आइ.एस.*


यस आर्थिक वर्षमा २४१७१ जना विरामीहरूले अस्पतालको अन्तराङ्ग विभागको विभिन्न वार्डहरूमा भर्ना भई सेवा लिएका छन्।




यस आ.व.मा अन्तराङ्ग विभागमा भर्ना भई डिस्चार्ज भएका विरामी मध्ये ९२.५३ प्रतिशत निको भएका, ५.४६ प्रतिशत LAMA/DOPR मा गएका, ०.२० प्रतिशत विरामी Absconded मा गएका, ०.६५ प्रतिशत विरामी लाई प्रेषण भएका छन् भने १.१७ प्रतिशत विरामीको उपचारको क्रममा मृत्यु भएको छ।

## ICU Out come:


यस अस्पतालमा बिशेषज्ञ तथा बिशिष्टकृत सेवा प्रदान गर्ने भएको हुदाँ बिभिन्न अस्पताल तथा स्वास्थ्य संस्थाबाट जटिल प्रकृतिका बिरामीहरूलाई उपचारका लागि यस अस्पतालमा प्रेषण गरी पठाउने भएकाले चालु आ.व.मा अस्पतालको ICU मा प्रेषण समेत गरी जम्मा १०६० जना विरामीहरूलाई भर्ना गरिएकोमा १.९ प्रतिशत ICU बाट नै डिस्चार्ज भएका छन्।



६४.४ प्रतिशत लाई विभिन्न वार्डहरूमा स्थान्तरण (सिफ्ट) गरिएको, १४.२ प्रतिशत LAMA/DOPR मा गएका र ४ प्रतिशतलाई अन्यत्र प्रेषण गरिएको छ भने १५.५ प्रतिशतको ICU मा मृत्यु भएको छ।

## PICU (Pediatric ICU) Outcome:

PICU मा भर्ना भएका शिशुहरूमध्ये २.२० प्रतिशत PICU बाट डिस्चार्ज भएका छन् ६९.९६ प्रतिशत स्वास्थ्य सुधार भई Ward shift भएका छन् । १०.२६ प्रतिशत LAMA/DOPR मा गएका छन् । ८.०६ प्रतिशत रेफर गरिएको छ भने ८.४२ प्रतिशत शिशुको उपचारका क्रममा मृत्यु भएको छ।






NICU

## शल्यक्रिया सेवा (Operation Services):

अस्पतालले ७ ओटा Modular र ५ ओटा Non Modular ओ टी सञ्चालन गरी विरामीहरूलाई गुणस्तरीय सल्यक्रिया सेवा प्रदान गर्दै आईरहेको छ। अस्पताले मृगौला प्रत्यारोपण, हिप रिप्लेसमेन्ट, स्पाईनल/हेड सर्जरी, न्युरो सर्जरी, कोलेस्टेक्टोमी, LSCS जस्ता मेजर जटिल शल्यक्रिया देखि इन्टरमेडियट र माइनर शल्यक्रिया सेवाहरू दिदै आएको छ।

| F.Y. | Operations | | | Total |
|---|---|---|---|---|
| | Major | Intermediate | Minor | |
| 2079/080 | 4543 | 252 | 2109 | **6904** |
| 2080/081 | 4702 | 377 | 2511 | **7590** |
| 2081/082 | 4812 | 289 | 2546 | **7647** |

***स्रोत*** : *एच.एम.आइ.एस.*

यस आ.व.मा यस अस्पतालबाट विभिन्न किसिमका मेजर, इन्टरमेडियट र माइनर शल्यक्रिया सेवा गरी जम्मा ७६४७ शल्यक्रिया भएका छन्। जसमा ६३ प्रतिशत मेजर शल्यक्रिया रहेको छ।



## मुटुरोग (Cardiologys) सेवा:

विश्वव्यापी रूपमा बढेदै गईरहेको नसर्ने रोग मध्ये मुटुरोग नेपाल सहित कर्णाली प्रदेशमा पनि बढ्दै गईरहेको छ। सोही कुरालाई मध्यनजर गर्दै प्रदेश अस्पतालले २०८० साल भाद्र महिनामा कार्डियोलोजी विभाग स्थापना गरी सञ्चालनमा रहेको छ ।यस विभागले मुटुरोगका विरामीहरूलाई सेवा दिदै आईरहेको छ। प्रदेशको स्वास्थ्य सेवामा बिशेष योगदान दिने लक्ष्य बोकेको अस्पतालले कार्डियोलोजी विभाग स्थापना संगै स्वास्थ्य क्षेत्रमा कोसेढुङ्गा सावित गर्यो। मुटुरोग विभागले स्थापना देखि नै OPD र IPD दुवै सेवा प्रदान गर्दै आएको छ। विभागले आ.व. ०८१/०८२ मा २८६० जना विरामीहरूलाई OPD सेवा दिएको छ।

विभागको स्थापना संगै Back to Life को मेसिनरी औजार तथा प्राविधिक सहयोग भएसंगै अस्पतालले ट्रेड्मिल टेष्ट (TMT) हल्टर (Holter) ऐम्ब्यलटोरी ब्लड प्रेशर मोनिटरिङ्ग ABPM जस्ता सेवाहरू दिईरहेको छ। अस्पतालमा क्याथल्याब सेवा संचालनमा आएसंगै आ.व ०८१/०८२ देखि सेवा दिदै आईरहेको छ। यस बर्षमा ७ जनाले एन्जियोग्राफी सेवा लिएका छन्। निकट भविष्यमा आवश्यक दक्ष जनशक्तिको व्यवस्थापन गरी नियमित संचालन गर्ने योजना रहेको छ ।

### मृगौला प्रत्यारोपण :

प्रदेश अस्पतालले पहिलो पटक मिति २०७९माघ २१ गते मानव अङ्ग प्रत्यारोपण केन्द्र भक्तपुरको सहकार्यमा सफल मृगौला प्रत्यरोपण गरको थियो। त्यसको लगतै दोस्रो पटक मिति २०८० असार २८ गते मृगौला सफल रूपमा प्रत्यारोपण गरेको थियो भने मिति २०८१ असार २७ गते अस्पतालले मानव अङ्ग प्रत्यारोपण केन्द्र भक्तपुरको सहकार्यमा तेस्रो पटक एकै समयमा २ जनाको सफल मृगौला प्रत्यारोण गरेको थियो। यस बर्ष ३ जनाको मृगौलाको सफल शल्यक्रिया गरी हाल सम्म अस्पतालले ७ जनाको सफल मृगौला प्रत्यारोपण गरेको छ। यो उपलब्धिले समग्र कर्णालीको स्वास्थ्य सेवामा कोशेढुङ्गा स्थापित भएको छ। प्रत्यारोपण सेवालाई निरन्तरता दिन अस्पतालले समितिको खर्चबाट १ जना सर्जन र १ जना फिजिसियनलाई Fellowship अध्ययनका लागि पठाएको छ ।

## Diagnostic/Other Services

| Diagnostic/Other Services | Unit | 079/080 | 080/081 | 081/082 | Remarks |
|---|---|---|---|---|---|
| X-ray | Number | 58816 | 66574 | 57837 | |
| Ultra sonogram (USG) | Number | 44000 | 52019 | 33912 | |
| Echocardiogram (Echo) | Number | 2995 | 7480 | 5911 | |
| Electro Encephala Gram (EEG) | Number | 0 | 12 | 8 | |
| Electrocardiogram (ECG) | Number | 20195 | 21648 | 21101 | |
| Treadmill (TMT) | Number | 0 | 0 | 0 | |
| Computed Tomographic (CT) Scan | Number | 4038 | 3748 | 3149 | |
| Magnetic Resonance Imaging (MRI) | Number | 0 | 719 | 1164 | |
| Endoscopy | Person | 1235 | 1642 | 1306 | |
| Colonoscopy | Person | 7 | 23 | 40 | |
| Nuclear Medicine | Person | 0 | 0 | 0 | |
| Mammogram | Person | 107 | 138 | 84 | |

***स्रोत*** *: एच.एम.आइ.एस.*

अस्पतालले विरामीको रोग निदानका लागि विभिन्न डायग्नोसिस सेवा प्रदान गर्दै आईरहेको छ। यस आ.व. मा X-ray मा ५७८३७, MRI ११६४ र CT-Scan ३१४९ साथै अन्य सेवा उपरोक्त तालिका अनुसार प्रदान गरिएको छ ।





मृगौला प्रत्यारोपण गर्दै

## ल्याव सेवा:

| Group/Department | 078/079 | 079/080 | 080/081 | 081/082 |
|---|---|---|---|---|
| HAEMATOLOGY | 346319 | 456864 | 507243 | 482830 |
| IMMUNOLOGY | 26623 | 36332 | 46901 | 62504 |
| BIOCHEMISTRY | 217473 | 292634 | 358896 | 174131 |
| BACTERIOLOGY | 4768 | 6267 | 7263 | 7967 |
| VIROLOGY | 38947 | 52365 | 54138 | 57692 |
| PARASITOLOGY | 30164 | 37053 | 41609 | 49487 |
| HORMONE/ENDOCRINE | 26043 | 51305 | 60550 | 59194 |
| DRUG ANALYSIS | 0 | 236 | 15 | 0 |
| HISTOPATHOLOGY/ CYTOLOGY | 547 | 1129 | 1494 | 972 |
| **Total** | **690884** | **934185** | **1078109** | **894777** |

***स्रोत :*** *एच.एम.आइ.एस.*

अस्पतालमा उपलब्ध गुणस्तरीय स्वास्थ्य उपचार सेवा, अत्याधुनिक ल्याब ब्यस्थापन संगै अस्पताले विभिन्न प्रकारका रोग निदानका लागि प्रयोगशाला परिक्षण गर्दै आईरहेको छ। अस्पतालको स्वीकृत कन्सल्टेण्ट प्याथोलोजिष्टको दरबन्दी रिक्त भएका कारण हिस्टोप्याथोलोजि लगायत विशिष्ट प्रकारका प्रयोगशाला सेवा उपलव्ध गराउन सकिएको छैन।



Laboratory Services

# सुरक्षित मातृत्व कार्यक्रम

## गर्भवती जाँच सेवा:

| गर्भवती जाँच (पटक) | महिलाको संख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७९/०८० | | २०८०/०८१ | | २०८१/०८२ | |
| | < २० वर्ष | ≥ २० वर्ष | < २० वर्ष | ≥ २० वर्ष | < २० वर्ष | ≥ २० वर्ष |
| पहिलो जुनसुकै समयको | १०० | १३८० | १६७ | २३४८ | २३२ | १५२६ |
| १२ हप्तासम्म | ४५ | ५२६ | ११६ | ४५४ | ९९ | ३८० |
| ४ पटक (१६,२०-२४,३२ र ३६ हप्ता) | १०५ | १०७९ | १७५ | ७८७ | २२७ | १३०९ |
| ८ पटक-प्रोटोकल अनुसार | ५१ | ३८९ | १८७ | १४५४ | २१९ | १३०८ |

***स्रोत*** : *एच.एम.आइ.एस.*


अस्पतालबाट यस आ.व. मा पहिलो पटक गर्भवती जाँच सेवा लिनेको संख्या १७५८, १२ हप्ता सम्मको गर्भवती जाँच सेवा लिनेको संख्या ४७९, ४ पटक जाँच सेवा लिनेको संख्या १५३६ रहेको छ भने प्रोटकल अनुसारको ८ पटक सम्मको गर्भवती जाँच सेवा लिनेहरूको संख्या १५२७ रहेको छ। तर विभिन्न समयमा अस्पतालबाट ANC सेवा लिनेको संख्या १११७८ रहेको छ।

## प्रसुति सेवा:

| Fiscal Year | Delivery Report | | | |
|---|---|---|---|---|
| | Normal | Vacuum/Forceps | CS | Total |
| 2079/080 | 3756 | 179 | 1513 | 5448 |
| 2080/081 | 3794 | 136 | 1482 | 5412 |
| 2081/082 | 3660 | 131 | 1746 | 5537 |

***स्रोत*** : *एच.एम.आइ.एस.*

यस आ.व मा अस्पालमा प्रसुति हुने गर्भवति महिलाको संख्या ५५३७ रहेको छ। जसमध्ये सामान्य प्रसुतिको सङ्ख्या ३६६० भ्याकुम/फोर्सेप १३१ र शल्यक्रियाबाट प्रसुति हुनेको सङ्ख्या १७४६ रहेको छ।



यस आ. व मा जम्मा प्रसुतिमध्ये ९६.१० प्रतिशत Cephalic Presentation, ३.५ प्रतिशत Breech fetal Presentation,०.४० प्रतिशत ०.४० प्रतिशत Shoulder fetal Presentation रहेको छ।




## जिवित जन्म तथा नवशिशु मृत्यु

| जन्म तौल | २०७९/०८० | | | २०८०/०८१ | | | २०८१/०८२ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा जिवित सङ्ख्या | निस्सासिएको | बिकलांक | जम्मा जिवित सङ्ख्या | निस्सासिएको | बिकलांक | जम्मा जिवित सङ्ख्या | निस्सासिएको | बिकलांक |
| सामान्य | ४९०७ | ७९ | ६ | ४८३२ | ५७ | ३ | ५०३४ | ६३ | १ |
| कम-१.५-<२.५के.जी.) | ४६३ | ४९ | १ | ५०२ | ४० | १ | ४६८ | २४ | ४ |
| धेरै कम-<१.५ के.जी.) | ३९ | २५ | १ | ३९ | १२ | ० | ३० | ६ | ० |
| जम्मा | ५३९५ | १५३ | ८ | ५३७३ | १०९ | ४ | ५५३२ | ९३ | ५ |

**स्रोत** : *एच.एम.आइ.एस.*

यस आ.व मा ५५३२ जना नवजात शिशुहरूको जिवित जन्म भएको थियो।

जसमा ९१ प्रतिशत सामान्य तौल ८.४६ प्रतिशत कम तौल (१.५ के.जी -<२.५२.५ के.जी.) र ०.५४ प्रतिशत धेरै कम तौल भएका (<१.५ के.जी.) शिशुहरूको जन्म भएको छ भने जम्मा जिवित शिशुहरूको २ प्रतिशत निस्ससिएका र ०.०९ प्रतिशत बिकलांक भएका शिशुको जन्म भएको छ।

## नवशिशु मृत्यु तथा स्टिल बर्थ

| Categories | 2079/080 | 2080/081 | 2081/082 |
|---|---|---|---|
| Neonatal Death | 49 | 38 | 32 |
| Total Still Births | 99 | 109 | 69 |
| Still Birth: Fresh | 8 | 16 | 2 |
| Still Birth: Macerated | 91 | 93 | 67 |

**स्रोत** : *एच.एम.आइ.एस.*

अस्पतालमा, यस आ.व मा ३२ ओटा नवशिशु मृत्यु भएका छन भने ६९ बटा Still Birth भएका छन। प्रदेशकै ठुलो सुविधा सम्पन्न रेफरल अस्पताल भएतापनि भौगिलिक बिकटता, आर्थिक अभाव, अशिक्षा तथा अन्य विविध कारणहरूले कतिपय सेवाग्राहीहरू ढिला उपचार गर्न आउने भएका कारण नवशिशुमृत्यु सङ्ख्या बढी हुन सक्छ।



Pediatric OPD

# Obstetric Complications

प्रदेश अस्पताल कर्णाली प्रदेशकै रेफरल सेन्टर भएकाले कर्णालीका सबै जिल्ला र सुदुर-पश्चिमका केहि जिल्लाहरू अछाम, डोटी, बैतडि, बझाङ, बाजुरा, दार्चुला लगाएतका जिल्लाहरूबाट जटिल्ता भएका गर्भवति तथा सुत्केरी महिलाहरूलाई अस्पतालले स्वास्थ्य सेवा दिइराखेको छ। जस्ले गर्दा अस्पतालमा Obstetrics complications को सङ्ख्या बढी देखिन्छ।

| Obstetric Complications | ICD Code | 2079/080 | 2080/081 | 2081/082 |
|---|---|---|---|---|
| Ectopic pregnancy | JA01 | 51 | 45 | 50 |
| Abortion complication | JA05 | 35 | 29 | 50 |
| Pre-eclampsia | JA24 | 12 | 18 | 20 |
| Eclampsia | JA25 | 26 | 26 | 37 |
| Hyperemesis Grivadarum | JA60.0 | 80 | 46 | 53 |
| Antepartum haemorrhage | JA41 | 42 | 56 | 48 |
| Prolonged labor | JB03 | 435 | 318 | 324 |
| Obstructed labor | JB06 | 262 | 146 | 68 |
| Gestational Hypertension | JA23 | 130 | 192 | 163 |
| Ruptured uterus | JB0A.1 | 1 | 6 | 3 |
| Postpartum haemorrhage | JA43 | 96 | 125 | 148 |
| Retained placenta | JA43.0 | 30 | 30 | 39 |
| Puepera sepsis | JB40.0 | 17 | 21 | 19 |
| C- Section Wound infection | JB40.1 | 41 | 51 | 56 |
| Other Complications | JB0Y | 643 | 794 | 277 |
| Total complications | | 1901 | 1903 | 1355 |

***स्रोत*** *: एच.एम.आइ.एस.*

यस आ. व मा अस्पतालले १३५५ जनाको विभिन्न अब्स्ट्रेटिक्स जटिलाको व्यवस्थापन गरेको छ ।

# सुरक्षित गर्भपतन सेवा

| सुरक्षित गर्भपतन सेवा मेडिकल | | २०७९/०८० | | | २०८०/०८१ | | | २०८१/०८२ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मेडिकल | सर्जिकल | जम्मा | मेडिकल | सर्जिकल | जम्मा | मेडिकल | सर्जिकल | जम्मा |
| गर्भपतन सेवा पाएका जम्मा महिला | < २० वर्ष | २३ | १४ | ३७ | ४५ | ४२ | ८७ | ६२ | ३७ | ९९ |
| | ≥ २० वर्ष | ४०९ | २१४ | ६२३ | २७३ | १६६ | ४३९ | २७९ | ९६ | ३७५ |
| गर्भपतन पश्चात् प.नि. साधन अपनाएका | छोटो अबधिको | १५१ | ९४ | २४५ | १३७ | ८३ | २२० | २३२ | ६९ | ३०१ |
| | लामो अवधिको | ७७ | ५९ | १३६ | ७६ | ६९ | १४५ | १०६ | १९ | १२२ |
| गर्भपतनपश्चात् जटिलता भएका | | ० | ५ | ५ | १ | ० | | २ | १ | ३ |
| PAC सेवा पाएका | | २४० | | | १९८ | | | ३९० | | |

**स्रोत** : *एच.एम.आइ.एस.*

यस आर्थिक वर्षमा सुरक्षित गर्भपतन सेवा लिने महिलाको जम्मा सङ्ख्या ४७४ रहेको छ। जसमध्ये ३९० जनाले PAC सेवा पाएका छन्। त्यस मध्ये छोटो अवधिको गर्भनिरोधक साधन अपनाउने महिला ६३.५ प्रतिशत र लामो अवधिको गर्भनिरोधक साधन अपनाउने महिला २५.७४ प्रतिशत रहेका छन्।

# परिवार नियोजन सेवा


| साधन | नयाँ प्रयोगकर्ता | | |
|---|---|---|---|
| | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| पिल्स | ६१ | १५४ | १२९ |
| डिपो | ११२ | १७४ | १४६ |
| सायना प्रेस | ० | २० | ९९ |
| आई.यु.सी.डी. | १६० | १०३ | १०० |
| इम्प्लान्ट | ३६७ | ३८१ | ३२१ |
| मिनिल्याप | ९३ | १०६ | ७० |
| भ्यासेक्टोमी | ९० | ८८ | ६३ |
| जम्मा | ८८३ | १०२६ | ९२८ |

**स्रोत** : *एच.एम.आइ.एस.*

यस आ.व मा परिवार नियोजन सेवाबाट जम्मा ९२८ जनाले सेवा लिएका छन्। जसमा १३.९० प्रतिशतले पिल्स १५.७३ प्रतिशतले डिपो १०.६७ प्रतिशतले सायना प्रेस १०.७८ प्रतिशतले IUCD, ३४.५९ प्रतिशतले इम्प्लान्ट सेवा लिनुभएको छ। भने मिनिल्याप सेवा ७.५४ प्रतिशत र भ्यासेक्टोमी सेवा ६.७९ प्रतिशतले लिएका छन्।



# DOTS कार्यक्रम




यस आर्थिक वर्षमा DOTS केन्द्रबाट जम्मा १८ जना क्षयरोगका विरामीहरूले सेवा लिएका छन्। जसमा Pulmonary BC का ८ जना Pulmonary CD का ७ जना र Extra pulmonary EP का ११ जना विरामीहरू रहेका छन। क्षयरोगका विरामीहरूमध्ये २२.२२ प्रतिशत १४ वर्षसम्मका बालबालिका रहेका छन् भने बाकी ७७.८८ प्रतिशत १४ वर्षभन्दा माथिका विरामीहरू रहेका छन्।

# खोप कार्यक्रम

| खोप | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
|---|---|---|---|---|---|
| बि.सि.जि. | | ३७४१ | ४५०२ | ४६४९ | ४०८६ |
| डिपिटी- हेप वि-हिप | पहिलो | २९५ | ३६४ | ३४२ | २९७ |
| | दोस्रो | २४४ | २९७ | ३१२ | २२२ |
| | तेश्रो | २३७ | २७७ | २९८ | २०० |
| पोलियो | पहिलो | २९५ | ३७४ | ३४२ | २९७ |
| | दोस्रो | २४४ | २९७ | ३१२ | २२२ |
| | तेश्रो | २३७ | २७७ | २९८ | २०० |
| पिसीभी | पहिलो | २९५ | ३७४ | ३४२ | २९७ |
| | दोस्रो | २४४ | २९७ | ३१२ | २२२ |
| | तेश्रो | २८७ | २३८ | २८५ | २४१ |
| रोटा | पहिलो | २९५ | ३७४ | ३४२ | २९७ |
| | दोस्रो | २५३ | २९७ | ३१२ | २२२ |
| दादुरा-रुबेला | पहिलो | २८७ | २३८ | २८५ | २४१ |
| | दोस्रो | ३०० | ३०७ | २३७ | २५९ |
| जेई | | २९६ | २६६ | २५७ | २३१ |
| टिडि | पहिलो | ७७५ | ७१७ | ३२९ | २६१ |
| | दोश्रो | ४१० | ४३३ | ३६५ | २३८ |
| | टिडि थप मात्रा | ४३६ | ६५० | ४१७ | २२६ |

***स्रोत*** *: एच.एम.आइ.एस.*

यस आर्थिक वर्षमा यस अस्पतालबाट सञ्चालित खोप कार्यक्रम अन्तरगत ४०८६ जना बालबालिकाले बि सि जि खोप सेवा लिएका छन। अस्पतालमा हुने डेलिभरीको सङ्ख्या वढि भएका कारण यो खोप लिने बालबालिकाको सङ्ख्या पनि बढि देखिएको हो।पूर्ण खोप लिने बालबलिकाको सङ्ख्या २५९ जना रहेको छ। त्यसैगरी टि डी पहिलोको खोप लगाउनेको संख्या २६१ दोश्रो २३८ र तश्रो २२६जना रहेको छ।




# अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC)

लैङ्गिक हिंसा प्रभावितहरूलाई स्वास्थ्य उपचार लगाएत अन्य सेवाहरू एकीकृत रूपमा उपलब्ध गराउने व्यवस्था मिलाई लैङ्गिक हिंसा रोकथाममा समेत योगदान पुर्याउने उद्देश्यले OCMC केन्द्र प्रदेश अस्पतालमा २०७४ सालमा स्थापना भई नियमित सेवा प्रवाह गर्दै आईरहेको छ।

| OCMC मा आएका सेवाग्राही | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
|---|---|---|---|
| नयाँ सेवाग्राही | ५०१ | ४११ | ५१२ |
| फलो अपमा आएका सेवाग्राही | ५१५ | ७१६ | ८७६ |
| जम्मा सेवाग्राही | १०१६ | ११२७ | १३८८ |

***स्रोत :*** *एच.एम.आइ.एस.*

यस आ व मा अस्पतालको एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) बाट नयाँ ५१२ र फलोअपमा आएका ८७६ जना गरी जम्मा १३८८ जना सेवा ग्राहीले सेवा लिएका छन्।







अस्पतालको OCMC केन्द्रबाट यस आ.वमा सेवा लिनेमा शारीरिक दुर्व्यवहार १६७ जना, बलात्कार १२७ जना, यौन जन्य दुर्व्यवहार २१ जना, बालविवाह र जबरजस्ती विवाह ५ जना र अन्य हिंसा १६७ जना रहेका छन्। यस आ.व. मा अस्पतालको OCMC केन्द्रले सुर्खेतकका विभिन्न पालिका र विद्यालयहरमा गएर समेत विभिन्न जनचेतनामुलक कार्यक्रम सञ्चालन गरेको छ।

# एच.आई.भी कार्यक्रम

एड्स हेल्थकेयर फाउन्डेसन (एएचएफ) नेपालले २०१८ देखि प्रदेश अस्पताल सुर्खेतसँग एचआईभी सेवाहरूको लागि सहकार्य गर्दै आएको छ, जसले एचआईभी कार्यक्रममा थुप्रै उपलब्धिहरू हासिल गर्नको लागि मदत पुगेको छ। एचआईभी भाइरल लोडको लागि रिएजेन्ट आपूर्तिको अभाव, CD४ जाँच सेवा को अभाव र केही स्वास्थ्यकर्मीहरू अझै पीएलएचआईभीहरूको सेवा गर्न डराउने, विशेष गरी शल्यक्रिया केसहरूमा जस्ता चुनौतीहरूका बाबजुद, अस्पताल र एएचएफले सेवाग्राहीहरूको लागि एआरटी सेवाहरूको गुणस्तर सुधार गर्न एकसाथ काम गर्दै आएका छन्।

### अस्पतालमा एच.आई.भी बिरामीहरूको विवरण


| SN | Indicator | 2079/080 | 2080/081 | 2081/082 |
|---|---|---|---|---|
| 1 | HIV Testing and counselling -HTC) | 129 | 185 | 189 |
| | New Positive | 40 | 24 | 28 |
| 2 | PMTCT Test | 7211 | 8369 | 8979 |
| | Positive | 2 | 1 | 1 |
| 3 | Total New | 39 | 20 | 29 |
| | Transferred in | 16 | 13 | 15 |
| | Treatment Restart | 39 | 33 | 26 |
| 4 | Transfer out to Other center | 38 | 105 | 45 |
| 5 | Missing | 47 | 35 | 34 |
| 6 | Loss to Follow-up-LFU) | 2 | 0 | 0 |
| 7 | Death | 7 | 6 | 1 |
| 8 | Viral Load Suppression | 80.02% | 74.08% | 80% |
| 9 | Post exposure prophylaxis (PEP) | 23 | 41 | 25 |
| 10 | Sexually Transmitted Infection (STI) | 244 | 309 | 311 |
| 11 | ART On Treatment | 362 | 282 | 282 |


***स्रोत :*** *एच.एम.आइ.एस.*

यस आ.व.मा अस्पतालको ए आर टि केन्द्रबाट १८९ जनाको HIV परिक्षण र परामर्श भएकोमा २८ जना संक्रमण भएको छ। ८३६९ जना गर्भवती महिलाको PMTCT परिक्षण गर्दा १ जना संक्रमण पुष्टि भएको छ। अस्पतालको ART Center मा २९ जना संक्रमित बिरामीले नयाँ एआरटी सुरु गरेका छन् भने ४५ जना विरामीहरूलाई अन्य एआरटी केन्द्रमा स्थानान्तरण गरिएको छ। यस वर्षमा १ जना संक्रमित बिरामीहरूको मृत्यु भएको छ।



# पोषण पुनर्स्थापना केन्द्र (Nutrition Rehabilitation Centre)




अस्पतालको पोषण पुनर्स्थापना केन्द्रमा यस आ.व मा ८९ जना कुपोषित बालवालिका भर्ना भई सेवा लिएका छन्।

भर्ना भएका बालबालिका मध्ये ५.४१ प्रतिशत जना ६ महिना भन्दा कम, ९२.८८ प्रतिशत जना ६-२३ महिना र ११.७१ प्रतिशत बालबालिका २४-५९ महिना उमेर समुहका बालबालिका रहेका छन्।



# सामाजिक सुरक्षा इकाई


लक्षित समूहका बिरामीहरूलाई स्वास्थ्य सेवामा समतामूलक पहुँच एवम् सेवा उपभोग अभिबृद्धि गर्ने, निःशुल्क तथा आंशिक छुटमा नियमित तथा विशेषज्ञ सेवाहरू उपलब्ध गराउने, स्वास्थ्य बिमा, बिपन्न नागरिक कोष, जेरियाट्रिक, नवजात शिशु स्वास्थ्य, गरिब तथा विपन्न नागरिक वर्गका लागि निःशुल्क आकस्मिक सेवा लगायत सबै स्वास्थ्य सुरक्षा कार्यक्रमहरूको संयोजन एवम् सहजीकरण गर्ने उद्देश्यले अस्पतालमा सामाजिक सुरक्षा एकाइ स्थापना गरिएको छ।

अस्पतालको सामाजिक सेवा एकाइ अन्तरर्गतको बिपन्न नागरिक उपचार कोषबाट निम्न बमोजिमका सेवा लिएका छन।


| विवरण | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
|---|---|---|---|
| हेड ईन्जुरी | ६६ | ८३ | २४ |
| स्पाईनल ईन्जुरी | ६३ | ५९ | ६२ |
| डाईलासिस | ५४ | ५१ | ४० |
| मृगौला प्रत्यारोपण | १ | ३ | ३ |

***स्रोत :*** *एच.एम.आइ.एस.*

अस्पतालको सामाजिक सेवा एकाइ अन्तरर्गतको बिपन्न नागरिक उपचार कोषबाट २४ जना हेड ईन्जुरी, ६२ जना स्पाईनल ईन्जुरी ४० जनाले डाईलासिस सेवा लिएका छन भने ३ जनाले मृगौला प्रत्यारोपण सेवा लिएका छन्।




यस आर्थिक वर्षमा अस्पतालको सामाजिक सेवा एकाईबाट लक्षित समुह अन्तर्गत २३९ जना अति गरिव ६०९९ जना गरिव ६७ जना अपाङ्ग ३३० जना जेष्ठ नागरिक र १५ जना स्वास्थ्य स्वयंमसेविका गरी जम्मा ६७५० जनाले सेवा लिएका छन्।





## नि:सन्तान (Infertility) क्लिनिक

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वीकृत कार्यक्रम अनुसार अस्पतालले २०८० साल असोज ६ गते देखि नि:सन्तान क्लिनिक सञ्चालन गरेको छ। अस्पतालको निः सन्तान क्लिनिकबाट Semen analysis, TVS (Transvaginal Ultra sound), IUI( intrauterine insemination) जस्ता सेवाहरू प्रदान भईरहेका छन्। यस आ.व. मा ७६ जना पुरुष र ३८९ जना महिला गरी जम्मा ३६५ जनाले सेवा लिएका छन्।

## टेलिमेडिसिन सेवा:

कर्णाली प्रदेशको सबै जिल्ला अस्पताहरूमा र अन्य स्वास्थ्य संस्थाहरूमा बिषशेज्ञ स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रदेश अस्पतालले हव अस्पतालको रूपमा कार्य गरी अन्य जिल्ला अस्पताल/स्वास्थ्य संस्थाहरूलाई टेलिमेडिसिन सेवा सञ्चालन गरेको छ।




यस वर्षमा टेलिमेडिसिन सेवाबाट १०५१ जना सेवाग्राहीहरूले सेवा लिएका छन् जसमध्ये २९.८ प्रतिशत डोल्पा, २२ प्रतिशत कालिकोट, १७.३ प्रतिशत जाजरकोट, १४.३ प्रतिशत मुगु १.२ प्रतिशत सुर्खेत र १५.४ प्रतिशत हुम्ला जिल्लाका सेवा ग्राहीले सेवा लिएका छन्।



## अस्पताल फार्मेसी:


अस्पतालले २०७३ चैत्र महिना देखि आफ्नै अस्पताल फार्मेसी सञ्चालनमा ल्याएको छ। हाल अस्पतालले विरामीको चापलाई मध्यनजर गर्दै OPD फार्मेसी र २४ घण्टा सञ्चालन रहने फार्मेशी गरी २ वटा फार्मेशी सञ्चालन गरेको छ। साथै विपन्न नागरिक, गरिव असाहयको लागि निःशुल्क फार्मेसीको व्यवस्था गरेको छ । अस्पतालले यस आ.व.मा करिब १४५० आईटका औषधि तथा औषधिजन्य र सर्जिकल तथा सर्जिकलजन्य सामानहरू उपलब्ध गराएको छ।






## प्रसव (Obstetric) फिस्टुला सेवा:

तत्कालिन मध्यपश्चिम क्षेत्रीय अस्पताल र INF को संयुक्त सहकार्यमा सन २००९ मा बिभिन्न जिल्लामा शिविर सञ्चालन गरी प्रसव फिस्टुलाको बिरामीलाई यस अस्पतालमा ल्याई शल्यक्रिया सेवा सुरुवात भएको थियो। सन २०१४ मा तत्कालिन मध्यपश्चिम क्षेत्रीय अस्पताल र INF सुर्खेतको समझदारीमा फिस्टुला केन्द्र स्थापना गरी सेवा सञ्चालन गर्ने सम्झौता बमोजिम भवन निर्माण सम्पन्न गरी INF ले सन २०१८ मा अस्पताललाई हस्तान्तरण गरी हाल उक्त भवनबाटै बिशेषज्ञ चिकित्सकबाट प्रसव फिस्टुला सम्बन्धी सम्पूर्ण उपचार सेवा प्रदान गरिएको छ।






यस आ.ब.मा अस्पतालको फिस्टुला केन्द्रबाट ९६ जनाले ओपिडि सेवा लिएका छन भने ७१ वटा अब्सट्रेटिक्स फिस्टुलाको शल्यक्रिया भएको छ।



## स्वास्थ्य बीमा कार्यक्रम:

अस्पतालले स्वास्थ्य बीमा कार्यक्रम लागु गरी निरन्तर रूपमा सेवा प्रदान गर्दै आईरहेको छ।




यस आ.व.मा ९९४१६ जनाले स्वास्थ्य बीमा माफर्त अस्पतालबाट विभिन्न प्रकारका सेवा लिएका छन्।

## क्यान्सर स्कृनिङ्ग क्याम्प:

अस्पतालले कर्णाली प्रदेशका जनताको स्वास्थ्य अवस्थालाई मध्यनजर गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नीति तथा कार्यक्रम बमोजिम अस्पतालले बि.पि. कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुर संगको समझदारीमा सम्भावित क्यान्सर बिरामीहरूको स्कृनिङ्ग गर्ने उद्देश्यले क्यान्सर स्कृनिङ्ग शिविर संचालन गरेको छ। शिविरबाट ४३८ जना विभिन्न क्यान्सर सम्भावित सेवाग्राहीहरूले सेवा लिएका छन्।



# अस्पतालमा सञ्चालित तालिमको विवरण

| सि. नं. | तालिमको नाम | आ.व. ०८१/०८२ मा सञ्चालन गरिएका तालिमहरूको संख्या | हालसम्म सञ्चालन गरिएका तालिम संख्या |
|---|---|---|---|
| 1 | SBA | 6 | 64 |
| 2 | Rural USG | 3 | 26 |
| 3 | VIA for Nurse | 1 | 2 |
| 4 | Safe Abortion Service -SAS) | 2 | 3 |
| 5 | Advance SBA for M.O. | 0 | 5 |
| 6 | CBIMCI | 3 | 36 |
| 7 | SNCU | 0 | 1 |
| 8 | MLP | 2 | 14 |
| 9 | Infection Prevention | 0 | 10 |
| 10 | Mediolegal | 0 | 2 |
| 11 | Medial Abortion -MA) for Nurse | 1 | 3 |
| 12 | Implant Training | 10 | 54 |
| 13 | Maternal and Child mentor development training | 0 | 3 |
| 14 | IUCD | 0 | 6 |
| 15 | CTS | 0 | 2 |
| 16 | PECT | 0 | 3 |
| 17 | ECCT | 0 | 2 |
| 18 | Vasectomy/Minilap | 0 | 3 |
| 19 | anesthesia Assistant | 1 | 2 |
| 20 | CAC | 2 | 3 |
| 21 | OTTM | 2 | 5 |



# अस्पतालको वित्तीय विवरण

## चालुतर्फको खर्च विवरण

| कार्यालय | चालु | | | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|
| | बजेट | खर्च | खर्च प्रतिशत | |
| प्रदेश अस्पताल निसर्त | ३७,५६,९९,०००.०० | २८२०६४९४७.४० | ७५.०८ | ८७ |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | १५,००,०००.०० | १४६६२१३.०६ | ९७.७५ | १०० |
| बिभिन्न कार्यक्रम संघ शसर्त | १०,८५,६५,०००.०० | ९६४४९०१७.०० | ८८.८४ | ९० |
| जम्मा | ४८,५७,६४,०००.०० | ३७९९८०१७७.५० | ७८.२२ | ९२.३३ |

## पूँजीगत तर्फको खर्च विवरण

| कार्यालय | पूजिगत | | | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|
| | बजेट | खर्च | खर्च प्रतिशत | |
| प्रदेश अस्पताल निसर्त | ५९,६६,००,०००.०० | ४६,५०,७९,६९१.०० | ७७.९६ | ७८.०० |
| संघ शसर्त | ८०,००,०००.०० | ० | ० | ० |
| जम्मा | ६०,८५,००,०००.०० | ३३,२९,१८,५२९.०० | ७६.९२ | |



## अस्पतालले यस आ.व. मा गरेका महत्त्वपूर्ण कामहरू

- अस्पताल र शहीद धर्म भक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र भक्तपुरको संयुक्त टिमले २ पटकमा ३ जना बिरामीहरूको मृगौला प्रत्यारोपण ।
- मुटुरोग निदान तथा उपचारका लागि आवश्यक Cath Lab सञ्चालन ।
- Sero Positive भएका मृगौला बिरामीहरूको डाइलासिस सेवा सञ्चालन ।
- बिभिन्न प्रकारका मेजर शल्यक्रिया नियमित सञ्चालन ।
- WHO को सहयोगमा १५० KVA सोलार जडान ।
- अस्पताल भवनको तला थप निर्माण कार्य अन्तिम चरणमा ।
- अनलाइन नामदर्ता सेवा सञ्चालन ।
- अलआर्म (Disaster Management) सिस्टम जडान ।
- दैवीप्रकोप घाइतेहरूको उपचार ।
- स्वास्थ्य बीमाको Real Time Billing साथै सेवाग्राहीहरूको लागि अलग-अलग नाम दर्ता, बिलिङ्ग तथा फार्मेसी सेवा सञ्चालन ।
- शल्यक्रिया तथा रोग निदानका लागि उपकरण खरिद ।

## भावी योजना

- क्याथल्याव सेवा नियमित सञ्चालन गरिने ।
- अस्पताललाई शैक्षिक संस्थाको रुपमा विकास गर्न पहल गरिने ।
- विद्युत तथा वैकल्पिक उर्जाको पर्याप्त व्यवस्था गरिने ।
- बिशेषज्ञ चिकित्सकको वृद्धिसँगै सेवा छिटो तथा तत्काल उपलव्ध गराउन नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मापदण्ड बमोजिम; सि.टि. स्क्यान मेसिन लगायतका मेसिनरी औजार उपकरण खरिद गरिने ।
- छुट्टै ओपिडी भवन निर्माण कार्य शुभारम्भ गरिने ।
- मृगौला प्रत्यारोपण सम्बन्धी Fellowship गरेका चिकित्सकबाट सेवा निरन्तर सञ्चालनका गरिने ।
- बाल अस्पतालको निर्माण तथा सञ्चालनका लागि सम्बन्धित संघ-संस्थासँग सहकार्य गरिने ।
- बिरामी कुरुवाघर सञ्चालन गरिने ।
- तला थप निर्माण कार्य सम्पन्न पश्चात Faculty Room, Library Expansion, Operation Theaters, Post op ward, Paying Clinics/Private Cabins को विस्तार तथा व्यवस्थापन गरिने ।

# तस्विरमा १९औं वार्षिकोत्सव












# विभिन्न सेवाहरु



Dental Procedure



Eye OPD



General Surgery Ward

# विभिन्न सेवाहरू



Health Insurance Services



Cath-Lab




MRI

